**कलाइमेट इन्भेस्टमेन्ट फण्ड कमिटिज** का लागि चाहिने नागरिक समाज पर्यवेक्षकको लागि आत्मचयन प्रक्रिया

## नागरिक समाज पर्यवेक्षकहरुको निम्ति मापदण्ड

नागरिक समाज सित सरोकार राख्नेहरु संगको सर सल्लाहमा २००९ को अप्रिल मे महिनामा रेसोल्भ (आर इ एस एल ओ भि इ) ले यी मापदण्डहरु तयार गरेको छ। पर्यवेक्षकको पदहरु ग्रहण गर्न चाख नराख्ने नागरिक समाजका अति प्रतिष्ठित सदस्यहरु समावेश गरी आत्मचयनको प्रक्रियाका निम्ति रेसोल्भकालागि गठन भएको सल्लाहकार समितिले यी मापदण्डहरुलाई परिमार्जन गरेको छ। यी प्रस्तावित मापदण्डहरु माथि जुलाइ १४,२००९ सम्ममा नागरिक समाजका सदस्यहरुवाट प्राप्त हुने टिप्पणीहरुलाई रेसोल्भले स्वीकार गर्ने छ।

### व्यक्तिगत प्रत्यासीहरुका निम्ति मापदण्डहरु

यी मापदण्डहरुलाई पर्यवेक्षकको पदहरुका लागि प्रत्यासी हुने उम्मेदवारहरुको मूल्याँकन एवं उनीहरुको तह निर्धारण गर्नका निम्ति प्रयोग गरिने छ :

क) सि आइ एफ (जलवायु लगानी कोष) का समितिहरुको सान्दर्भिकता संग मिल्ने गरी उद्देश्य एवं लक्ष्यहरुको आधिकारिकता भएको संगठन वा संजाल संग संवद्ध रहेको देखिएको अथवा सि आइ एफ का समितिहरुको कार्यको प्रभाव क्षेत्रमा रहेको समुदाय संग संवद्ध रहेको देखिएको।
ख) सम्वन्धित समितिहरुसंग साक्षेप विशेषज्ञता भएको
ग) खुल्ला र पारदर्शी संचार प्रति प्रतिवद्ध भएको।
घ) वृहत समुदाय (आफनै संगठन/संजाल/समुदायको मात्र न भै) को आवश्यकताहरु एवं चासोहरुलाई ख्याल राख्ने तथा वृहत सरोकारवाला समुदायमा गएर कुराहरु वताउन सक्ने सक्षमता , अभिरुचि एवं सामर्थ भएको।
ङ) स्वतन्त्रता: विश्व वैक अन्य अन्तरराष्ट्रिय वित्तीय संस्थाहरु तथा एक्सपोर्ट केडिट एजेन्सीहरु संग अहिलेको विगतको तथा काम गर्न स्थगित भै रहेको संझौता अनुसारको वा सीधा वित्तीय सम्वन्धका काम कुराहरुलाई उजागर गर्नु पर्दछ।
च) प्रक्रियालाई प्रभावित पार्ने , आफू संलग्न भइरहने तथा वैठकहरुको तयारी गर्ने कामको क्षमता र तत्परता।
छ) एनुएल पार्टनरसिप फोरम (वार्षिक साझेदारी गोष्ठी) मा नेतृत्वको भूमिका (उदाहरणार्थ ,काम कार्यवाही आयोजना गर्दाको वखत सल्लाहकार समितिमा वसी काम गर्नु ) निर्वाह गर्ने सक्षमता र तत्परता।

### सन्तुलन हासिल गर्नका लागि मापदण्ड

रेसोल्भ तथा सल्लाहकार समितिले पर्यवेक्षकहरुको अन्तिम सूची तयार गर्दा सन्तुलित एवं समावेशी हुन सकोस भन्ने कुरालाई सुनिश्चित गर्नका लागि ५ वटा मुख्य मुख्य मापदण्डहरु अपनाउने छन् :

क) भौगोलिक रुपमा प्रतिनिधित्व हुने गरी सन्तुलन मिलाउने
ख) विकसित र विकासन्मुख देशहरुको सन्तुलन मिलाउने
ग) लिङ्गीय सन्तुलन मिलाउने
घ) जनस्तरका (ग्रासरुट लेभल) तथा समुदायमा आधारित संगठनहरुको समावेशीकरण
ङ) **सि टि एफ मा :** जनजाति समूहका मानिसहरुवाट कम से कम एउटा प्रतिनिधि

### सन्तुलनका लागि विचार गरिने अन्य कुराहरु

समितिहरुको पूर्ण सन्तुल कायम गर्नका लागि रेसोल्भ तथा सल्लाहकार समितिले निम्न तत्वहरुमा विचार गर्न सक्ने छ :

क) विषयमा केन्द्रित (फोकस)/ विशेषज्ञताको सन्तुलन (उदारणार्थ, प्राविधिक, सामाजिक आयामहरु, मानव अधिकार, विकास, वन, हरित प्रविधी, वातावरण, जलवायु परिवर्तन, वसाइ सराइ तथा अनुकूलनता)
ख) पक्षमा वकालत गर्ने (एडभोकेसी)/निग्रानी गर्ने (वाचडग) संगठनहरु, नीति निर्माण गर्ने संस्थाहरु, तथा संजालहरुलाई प्रतिनिधित्व गर्ने संगठनहरुको सन्तुलन।
ग) विश्व वैंक प्रति आलोचक परिदृश्यहरुलाई समावेश।
**घ) सि टि एफ का लागि** , लगानीको योजना भएका देशहरुको प्रतिनिधित्व : भिश्र, मेक्सिको तथा टर्की।
**ङ) सि टि एफका लागि** -प्राविधिक विशेषज्ञता भएकाहरु।
**च) एस सि एफ तथा पि पि सि आरका लागि** -राष्ट्रिय स्तरको योजना निर्माणमा संलग्न भएका प्रतिनिधिहरु।
**छ) पि पि सि आर का** लागि, प्रयोगात्मक परियोजनाको ग्रहणकर्ता देशहरुका प्रतिनिधिहरु।